शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ प्रकाशित मितिः२०८२/०४/०१

भाग - १

स्वीकृत मितिः २०८२/०३/०६

शंखरापुर नगरपालिका
शंखरापुर नगरपालिकाको विनियोजन ऐन-२०८२

प्रस्तावनाः शंखरापुर नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शंखरापुर नगरसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेयकको नाम " शंखरापुर नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८२/०८३ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची १** मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वीत्तीय व्यवस्था र सामाजिक सुरक्षाको रकम १३ करोड समेत गरी जम्मा रकम रु १,५२,२०,९९,०००।- (अक्षेरुपी रु एक अर्ब, बाउन्न करोड, बीस लाख, उनान्सय हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस विधेयकद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को लागि शंखरापुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा नियमानुसार रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च शीर्षकमा विनियोजित रकम चालु खर्च शीर्षक तर्फ सार्न सकिने छैन । त्यसै गरी वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा

एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकमको विवरण **अनुसुची १** मा राखिएको छ ।

(५) विविध कोषहरुमा विनियोजित रकमको विवरण **अनुसुची २** मा राखिएको छ ।

अनुसूची—१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

क्र. सं.	अनुदान संख्या	शीर्षक को नाम	चालु खर्च	पूँजिगत खर्च	वित्तिय व्यवस्था	जम्मा
१		नगर कार्यपालिका	६३०४१५३०९.१८	७५९१८३६९०.८२		१३८९५९९०००
२		लगानि (सेयर/ऋण)			२५,००,०००	२५,००,००००
जम्मा						१३९२०९९०००

अनुसुची- २

दफा ३ को उपदफा (५) संग सम्बन्धित

शंखरापुर नगरपालिकामा रहेको विभिन्न कोष खाताहरुमा विनियोजित रकमको विवरण

सि.नं.	कोषको विवरण	विनियोजन रकम (रु हजारमा)	कैफियत
१	समपुरक कोष	६००००	
२	विपद व्यवस्थापन	७०००	
४	भैपरी आउने कोष	२००००	
	जम्मा	**८७०००**	

आज्ञाले,
चुरामणि पन्थी
शंखरापुर नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत